# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## २०७९ साउन - असोज
## सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण

## राष्ट्रिय सूचना आयोग
काठमाडौं, नेपाल

# स्वतः प्रकाशन (Proactive Disclours)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरूको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक उल्लेख गरिएका छन् । सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन गठित यस स्वतन्त्र आयोगले २०७९ साउन-असोज अवधिमा सम्पादित प्रमुख कार्यहरू अन्य निकायका लागि नमूना मार्गदर्शक समेत होस् भनी प्रकाशित गरेका छौं ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ अनुरुप माग भएका सूचनाहरू उपलब्ध नगराउने विरुद्ध प्राप्त उजुरी, निवेदन तथा पुनरावेदनका आधारमा सार्वजनिक निकायमा सूचना उपलब्ध गराउनु भन्ने आदेश जारी हुँदै आएको छ । आयोगबाट भएको आदेश पालना नगर्ने सार्वजनिक निकायहरूलाई सूचनाको हकसम्बन्धी ऐन र नियमावली बमोजिम जरिवानासमेत हुँदै आएको छ । यस अवधिमा १५९ वटा पुनरावेदन आयोगमा दर्ता भएका छन् । ती सबै उजुरी पुनरावेदन तथा निवेदन उपर आयोगबाट यथोचित कारवाही भएको छ ।

यसै क्रममा, आयोगले आफ्नो नियमित विवरण प्रकाशित गर्दै आएको सन्दर्भमा आ.ब. २०७९/८० सालको साउन, भदौ र असोज महिनामा सम्पादित कामको विवरण प्रस्तुत गरेको छ । यसलाई आयोगले तीन महिना सम्पन्न भएको एक हप्ताभित्र प्रकाशित गरेको छ । यसै बमोजिम सबै सार्वजनिक निकाय स्वयम् अग्रसर भई आ-आफ्नो विवरण सार्वजनिक गर्न आग्रह गरिन्छ ।

**राष्ट्रिय सूचना आयोग**

मिति : २०७९ कार्तिक ६ गते

## विषयसूची


१. आयोगको स्वरुप र प्रकृति

२. आयोगको काम, कर्तव्य र अधिकार

३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण

४. आयोगबाट प्रदान गरिने सेवा

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

९. सम्पादन गरेको कामको विवरण

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

१३. तोकिए बमोजिमका अन्य विवरण

१४. अघिल्लो आ. व. मा सञ्चालित कार्यक्रमहरू

१५. सार्वजनिक निकायको वेबसाइट

१६. आयोगले प्राप्त भएको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण

१७. आयोगले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

१८. आयोगले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

१९. आयोगमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय

२०. आयोगका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

# राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५को नियम ३ बमोजिम प्रकाशित विवरण

**२०७९ साउन-असोजसम्मको विवरण**

## १. आयोगको स्वरुप र प्रकृति

सूचनाको हकसम्वन्धी ऐन, २०६४ अनुसार राष्ट्रिय सूचना आयोगको स्थापना भएको हो । यो आयोगमा एक जना प्रमुख सूचना आयुक्त र एक जना महिला सहित दुई जना सूचना आयुक्त रहने व्यवस्था छ । नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत आयोगको प्रशासकीय प्रमुख रहने व्यवस्था छ । आयोगले सार्वजनिक निकायमा रहेका सूचना नागरिकको पहुँचमा पुऱ्याउने, खुला र पारदर्शी संस्कृतिको विकास गर्ने, सार्वजनिक पदाधिकारीलाई जिम्मेवार तथा जवाफदेही बनाउने, सूचना सार्वजनिक गराउन सम्बन्धित निकायलाई आदेश दिने लगायतका काम गर्नुका साथै सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले त्यस्तो सार्वजनिक गर्नु पर्ने सूचना सार्वजनिक नगरे वा मागकर्तालाई नदिएमा उजुरी, पुनरावेदन सुन्ने तथा सजाय समेत गर्दछ । हाल आयोगको केन्द्रीय कार्यालय देवीनगर, बानेश्वर-१०, काठमाडौंमा रहेको  छ ।

**क) आयोगको दुरदृष्टि**

विकास, समृद्धि र सुशासनका लागि सूचनाको हकको प्रयोगबाट सुसूचित समाजको सिर्जना गर्ने ।

**ख) लक्ष्य**

व्यक्तिगत मौलिक हकको संरक्षण गर्दै सूचना माथि नागरिकको पहुँच अभिबृद्धि गर्ने ।

**ग) उद्देश्य**

१. सूचनाको हकको संरक्षण,  सम्बर्द्धन र प्रचलन गराउन राष्ट्रिय सूचना आयोगको कार्यान्वयन क्षमताको अभिबृद्धि गर्ने ।

२. छनौट भएका केन्द्रीय र स्थानीय सार्वजनिक निकायहरूमा सूचनाको माग र प्राप्ति सम्बन्धी व्यवस्थालाई सुदृढ गराउदै लैजाने ।

३. सूचनाको मागमा वृद्धिका लागि क्रियाशील संस्थाहरूलाई अभिप्रेरित गर्ने तथा सहजीकरण गर्दै कार्यक्षमतामा अभिबृद्धि गर्नुको साथै सहजीकरण गर्दै लैजाने र आपूर्ति पक्षसँग सहजीकरण गर्ने ।

**घ) रणनीतिक प्राथमिकताहरू**

१. सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोगको क्षमता अभिबृद्धि गर्ने ।

२. सूचनाको हकको कार्यान्वयनको लागि उपर्युक्त वातावरण निर्माण गर्ने ।

३. सूचनाको हकको कार्यान्वयनमा जवाफदेही, स्वःस्फूर्त र क्रियाशील संस्थाहरूको अभिबृद्धि गर्ने ।

## २. आयोगको काम, कर्तव्य र अधिकार

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छः**

२.१ आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत्सम्बन्धी निर्णय र आदेश दिने ।

२.२. सूचनादाताको संरक्षण गर्ने ।

२.३. सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले मनासिव कारणबिना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रुपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले

त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने ।

२.४. क्षतिपूर्तिको लागि प्राप्त निवेदन उपर वास्तविक हानि नोक्सानीलाई विचार गरी मनासिब माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराई दिन सक्ने ।

२.५. सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना सम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने ।

२.६. त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्री सम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने ।

२.७. नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

२.८. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

२.९. यस ऐन बमोजिमको दायित्व पालना गर्न, गराउन सम्बन्धित पक्षलाई आदेश दिने ।

२.१०. नेपाल सरकार तथा सूचना तथा संचारसँग सम्बन्धित विभिन्न निकायहरूलाई सूचनाको हकको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने ।

२.११. सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने आदि ।

## ३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण :

आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था  गर्ने कानूनी प्रावधान रहेको छ । हाल आयोगमा देहाय बमोजिमको ३७ स्विकृत दरवन्दीमध्ये पूर्ति दरवन्दी ३२ जना र रिक्त दरबन्दी ५ कर्मचारी कार्यरत रहेका छन् ।

| | | |
|---|---|---|
| ३.१ | स्वीकृत कर्मचारी दरवन्दी संख्या | ३७ जना |
| ३.२ | स्थायी कर्मचारी दरबन्दी संख्या | २१ जना |
| ३.३ | करार सेवा कर्मचारी | १६ जना |

# राष्ट्रिय सूचना आयोगको संगठन संरचना



**स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार आयोगमा निम्न बमोजिम शाखाहरू रहेका छन् र यी शाखाहरूको कार्यहरू देहाय अनुसार रहेको छ ।**

**३.१ प्रशासन शाखा**

- कर्मचारी प्रशासन सम्बन्धी काम गर्ने ।
- आन्तरिक प्रशासन सम्बन्धी काम गर्ने ।
- जिन्सी व्यवस्थापन गर्ने ।
- आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने ।
- वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।
- स्वीकृत कार्यक्रम सञ्चालन गर्ने गराउने ।

**३.२ योजना, अनुगमन तथा प्रवर्द्धन शाखा**

- प्रचार प्रसार सामाग्रीहरूको निर्माण, प्रकाशन तथा प्रशारण गर्ने ।
- सम्बन्धित सरोकारवाला निकाय, संघ सँस्था तथा गैरसरकारी सँस्थासँग समन्वय गरी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने ।
- गोष्ठी/सेमिनारहरूको सञ्चालन तथा व्यवस्थापन गर्ने ।
- कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन, समन्वय, सुपरिवेक्षण र प्रतिवेदन सम्बन्धी कार्य गर्ने ।
- सूचनाको हकसम्बन्धी प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने ।
- सूचनाको हकसम्बन्धी सभा, गोष्ठी तथा सेमिनारमा भाग लिने ।

**३.३ पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा**

- सार्वजनिक निकायको प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोग समक्ष दिएको पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउने, कुनै लिखत पेश गर्न लगाउने, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्ने तथा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने सम्बन्धी ।
- पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने सम्बन्धी ।
- पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने सम्बन्धी ।
- सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने सम्बन्धी ।

**४. आयोगबाट प्रदान गरिने सेवा :**

४.१ आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत्सम्बन्धी निर्णय र आदेश दिने ।

४.२. सूचनादाताको संरक्षण गर्ने ।

४.४. क्षतिपूर्तिको निवेदन परेमा मनासिब माफिकको क्षतिपूर्ति भराई दिने ।

४.५. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

४.६ सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने आदि ।

# राष्ट्रिय सूचना आयोगको
# नागरिक बडापत्र

| क्र.सं. | सेवाको किसिम | सेवा प्रदान गर्ने शाखा | तल्ला | सेवा प्रदान गर्ने कर्मचारीहरू | निर्णय प्रक्रिया तथा सेवा प्राप्त गर्न पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने शुल्क | सेवा प्राप्त गर्न लाग्ने समय | सेवा प्राप्त नभएमा उजुरी/पुनरावेदन सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | सार्वजनिक निकायबाट सूचना नपाएको, गलत वा अधुरो सूचना पाएको सम्बन्धमा पुनरावेदन | पुनरावेदन तथा फैशला कार्यान्वयन शाखा | दोस्रो तल्ला | – उप सचिव<br>– कानुन अधिकृत<br>– शाखा अधिकृत<br>– नायव सुब्बा<br>– क.अ. | – सार्वजनिक निकायको प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोग समक्ष पुनरावेदन दिनसक्ने ।<br>– यसरी प्राप्त पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने ।<br>– पुनरावेदनको व्यहोरा मनासिव देखिएमा समयावधि तोकी पुनरावेदकलाई विना शुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने ।<br>– पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने ।<br>– सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने र आयोगको आदेशको कार्यान्वयनको अनुगमन गर्ने । | कुनै शुल्क नलाग्ने | पुनरावेदन परेको ६० दिनभित्र | आयोगले गरेको सजाय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने, अन्यको हकमा पुनरावेदन नलाग्ने । आयोगको कार्य र प्रक्रियाका सम्बन्धमा प्रमुख सूचना आयुक्त समक्ष उजुरी गर्न सकिने । | |
| २. | योजना तर्जुमा गर्ने, सूचनाको हकको प्रवर्द्धन गर्ने तथा अनुगमन गर्ने | योजना तथा प्रवर्द्धन शाखा | पहिलो तल्ला | – उप सचिव<br>– शाखा अधिकृत | – योजना तथा प्रवर्द्धन शाखा प्रमुखले वार्षिक रूपमा संचालन गर्ने कार्यक्रम तयार गर्ने ।<br>– स्वीकृत वार्षिक कार्यक्रम अनुसार गर्नुपर्ने कामहरूको बजेट, कार्यक्रम र औचित्य समेत विचार गरी कार्यक्रम संचालनको लागि अवधारणा तयार गर्ने र कार्यान्वयन गर्ने ।<br>– सूचना परियोजना कार्यान्वयन गर्ने । | कुनै शुल्क नलाग्ने | निरन्तर | सचिव | |
| ३. | आयोगको दैनिक प्रशासन संचालन | प्रशासन शाखा | पहिलो तल्ला | – उप सचिव<br>– शाखा अधिकृत<br>– नायव सुब्बा<br>– नायव सुब्बा<br>– क.अ. | – कर्मचारी प्रशासन, आर्थिक प्रशासन, आन्तरिक प्रशासन गर्ने ।<br>– स्टोर व्यवस्थापन लगायत सबै काम गर्ने ।<br>– आयोगसँग सम्बन्धित सूचना माग भएबमोजिम उपलब्ध गराउने । | कुनै शुल्क नलाग्ने | कुनै शुल्क नलाग्ने | सचिव | |
| ४ | सूचना अधिकारी /नोडल अफिसर | | | उप सचिव विश्वबन्धु पौडेल मो.नं. ९८५१२४४६६५ | | कुनै शुल्क नलाग्ने | कुनै शुल्क नलाग्ने | | |

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

| सि.नं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १. | **प्रशासन शाखा** | श्री कपिल प्रसाद उपाध्याय | उप सचिव | |
| | | श्री हरिहर कार्की | शाखा अधिकृत | |
| | | श्री | शाखा अधिकृत | |
| | | श्री शान्ता न्यौपाने | नायव सुब्बा | |
| | | श्री | नायव सुब्बा | |
| | | श्री रन्जना दाहाल | नायव सुव्वा | |
| | | श्री रबिन गौतम | कम्प्युटर अपरेटर | |
| २. | **योजना तथा प्रवर्द्धन शाखा** | श्री सीता निरौला फुयाल् | उप सचिव | |
| | | श्री डिल्ली राम भट्ट | शाखा अधिकृत | |
| ३. | **पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा** | श्री विश्वबन्धु पौडेल | उप सचिव (कानून) | |
| | | श्री सन्जिप कुमार अधिकारी | कानून अधिकृत | |
| | | श्री सालिकराम भट्टराई | शाखा अधिकृत | |
| | | श्री रञ्जना कुमारी दाहाल | नायव सुव्वा | |
| | | श्री गौरव गुरुङ्ग | कम्प्युटर अपरेटर | |
| ४. | **सचिवालय** | श्री जीवन कुँवर | शाखा अधिकृत | प्रमुख सूचना आयुक्त तथा सूचना आयुक्त |
| | | श्री मन्दिरा महर्जन | शाखा अधिकृत | सूचना आयुक्त |
| | | | शाखा अधिकृत | |
| ५. | **आर्थिक प्रशासन शाखा** | श्री विदुर प्रसाद भण्डारी | लेखा अधिकृत | |
| | | श्री लक्ष्मण अर्याल | लेखापाल | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

दश पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा माथि भएमा प्रति पेज रु ५।– दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने । आयोगमा परेका उजुरी, निवेदन र पुनरावेदनको सम्बन्धमा कुनै दस्तुर नलाग्ने ।

## ७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

**निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया**

नागरिकले माग गरेको सूचना १५ दिनभित्र पनि सूचना अधिकारीले उपलब्ध नगराए नागरिक सूचना अधिकारी विरुद्ध उजुरी गर्न कार्यालय प्रमुख समक्ष जानुपर्नेछ । कार्यालय प्रमुख समक्ष उजुरी परेको ७ दिनभित्र कार्यालय प्रमुखले सूचना अधिकारीमार्फत् वा आफैं नागरिकलाई सूचना उपलब्ध गराउनुपर्छ । ७ दिनभित्र कार्यालय प्रमुखले पनि नागरिकलाई सूचना उपलब्ध नगराए नागरिकले त्यसको ३५ दिनभित्र सूचना अधिकारी र कार्यालय प्रमुख विरुद्ध राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सक्नेछन् ।

**निर्णय गर्ने अधिकारी**

सचिव दिवस आचार्य

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव दिवस आचार्य

**९. सम्पादन गरेको कामको विवरण (२०७९ साउन-असोज)**

**१०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद**

१. कार्यालय प्रमुख सचिव दिवस आचार्य

२. सूचना अधिकारी उपसचिव श्री विश्वबन्धु पौडेल

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

**नेपालको संविधान**

- सूचनाको हकसम्बन्धी ऐन, २०६४
- सूचनाको हकसम्बन्धी नियमावली, २०६५,
- सूचनाको हक कार्यान्वयन निर्देशिका, २०६७
- सरकारी निकायले स्वतः प्रकाशन गर्नु पर्ने विवरण सम्बन्धी निर्देशिका,२०७१
- राष्ट्रिय सूचना आयोगका पदाधिकारीहरूको आचार संहिता, २०७७
- राष्ट्रिय सूचना आयोगका कर्मचारीहरूको आचारसंहिता,२०७१
- आयोगको बैठक व्यवस्था सम्बन्धी कार्यविधि, २०७२
- निवेदनको कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- उजुरी कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- पुनरावेदन कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- सूचना अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका, २०७३
- राष्ट्रिय सूचना आयोगको इजलास सञ्चालन सम्बन्धी निर्देशिका, २०७५
- सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण**

**पुजिगततर्फ**

| वजेट शीर्षक | बार्षिक बजेट | असोज महिनासम्मको खर्च | बाकी |
|---|---|---|---|
| मेशिनरी औजार | १,१००,०००।०० | ० | १,१००,०००।०० |
| फर्निचर तथा फिक्चर्स | ३००,०००।०० | ० | ३००,०००।०० |
| जम्मा | १,४००,०००।०० | | १,४००,०००।०० |

**चालुतर्फ**

| वजेट शीर्षक | बार्षिक बजेट | असोज महिनासम्मको खर्च | बाकी |
|---|---|---|---|
| पारिश्रमिक कर्मचारी | ११,८००,०००।०० | ३,३८३,४११।८० | ८,४१६,५८८।२० |
| पारिश्रमिक पदाधिकारी | २,९००,०००।०० | ८९८,१८६।०० | २,००१,८१४।०० |
| पोशाक | २००,०००।०० | ० | २००,०००।०० |
| औषधी उपचार खर्च | २००,०००।०० | ० | २००,०००।०० |
| महंगी भत्ता | ५००,०००।०० | ९४,६००।०० | ४०५,४००।०० |
| कर्मचारीको बैक भत्ता | २००,०००।०० | ० | २००,०००।०० |
| अन्य भत्ता | १००,०००।०० | ० | १००,०००।०० |

| | | | |
|---|---|---|---|
| पदाधिकारी बैठक भत्ता | २००,०००।०० | ६२,५००।०० | १३७,५००।०० |
| योगदानमा आधारित निवृत्तिभरण तथा उपदान कोष खर्च | १००,०००।०० | ० | १००,०००।०० |
| योगदानमा आधारित विमाकोष खर्च | १००,०००।०० | १९,२००।०० | ८०,८००।०० |
| पानी तथा विजुली | ४००,०००।०० | ७३,५००।०० | ३२६,५००।०० |
| सञ्चार महसूल | ९००,०००।०० | ७०,९८५।०० | ८२९,०१५।०० |
| इन्धन (पदाधिकारी) | ६००,०००।०० | ५५,०४०।०० | ५४४,९६०।०० |
| इन्धन (कार्यालय प्रयोजन) | ७००,०००।०० | ९३,४०७।०० | ६०६,५९३।०० |
| सवारी साधन मर्मत खर्च | १,४००,०००।०० | ३७९,२१३।०० | १,०२०,७८७।०० |
| विमा तथा नविकरण खर्च | ५००,०००।०० | ० | ५००,०००।०० |
| मसलन्द तथा कार्यालय सामाग्री | १,३००,०००।०० | २८०,९८७।०० | १,०१९,०१३।०० |
| पूस्तक तथा सामाग्री खर्च | १००,०००।०० | २,४००।०० | ९७,६००।०० |
| इन्धन अन्य प्रयोजन | ४००,०००।०० | १३,३००।०० | ३८६,७००।०० |
| पत्रपत्रिका, छपाई तथा सुचना प्रकाशन | ३००,०००।०० | १४,९८०।०० | २८५,०२०।०० |
| सेवा र परामर्श खर्च | ३००,०००।०० | | ३००,०००।०० |
| करार सेवा शूल्क | ५,६००,०००।०० | १,८८६,८४०।०० | ३,७१३,१६०।०० |
| सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठि सम्बन्धी खर्च | २,६००,०००।०० | २३४,३६०।०० | २,३६५,६४०।०० |
| कार्यक्रम खर्च | २,८००,०००।०० | ० | २,८००,०००।०० |
| विविध कार्यक्रम खर्च | ५,३००,०००।०० | २८३,८२९।०० | ५,०१६,१७१।०० |
| अनूगमन | ९००,०००।०० | १४५,०२५।०० | ७५४,९७५।०० |
| विविध खर्च | ७००,०००।०० | १५०,३५६।०० | ५४९,६४४।०० |
| घरभाडा | ४,६००,०००।०० | ० | ४,६००,०००।०० |
| कुल जम्मा | ४५,७००,०००।०० | ८,१४२,११९।८० | ३७,५५७,८८०।२० |

## १३. तोकिए बमोजिमका अन्य विवरण :

- चालु आ.व. ०७८/७९ (साउन-असोज) मा उजुरी, निवेदन र पुनरावेदनको विवरण १५९ वटा ।

## १४. आ. व. ०७९/८० (साउन-असोज) मा सञ्चालित मुख्य मुख्य कार्यक्रमहरूको विवरण

### १४.१ जिल्लास्थित कार्यालय प्रमुख, सूचना अधिकारी लगायतहरूसँग अन्तरक्रिया कार्यक्रम

| सि.नं. | जिल्ला | मिति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | दोलखा | २०७९।०५।३० | १९ | ८६ | १०५ |

### १४.२ स्थानीय तहका जनप्रतिनिधि, समूदाय एवं समूहरूसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

| सि.नं. | स्थानीय तह | मिति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | कमलामाई नगरपालिका, सिन्धुली | २०७९।०५।३१ | १७ | ५० | ६७ |

### १४.३ अभिमुखिकरण कार्यक्रम

| सि.नं. | जिल्ला | मिति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | सूचना दिवस | २०७९।०५।०३ | २० | ७५ | ९५ |
| २ | अन्तर्राष्ट्रिय सूचना दिवस (सेप्टेम्बर २८) | २०७९।०६।१२ | ४० | १०५ | १४५ |

### १४.४ अन्य कार्यक्रम

- सूचनाको हक कार्यान्वयन सम्बन्धि प्रतिवेदन तयार गरिएको ।

- रेडियो नेपालसँग सूचनाको हकसम्बन्धी जानकारीमूलक सामग्री उत्पादन र प्रसारण भैरहेको ।
- नेपाल टेलिभिजनसँग सूचनाको हकसम्बन्धी जानकारीमूलक सामग्री उत्पादन र प्रसारण भैरहेको
- गोरखापत्र दैनिकमा सूचनाको हकसम्बन्धी जानकारीमूलक सामग्री प्रकाशन गर्ने सम्झौता भएको ।

### १४.५ बुलेटिन प्रकाशन

- आयोगबाट भएका क्रियाकलाप तथा कार्यहरूबारे सबैमा जानकारी गराउनका साथै अभिलेखका रुपमा राख्न सकिने उदेश्यबाट आयोगले सुरु गरेको त्रैमासिक प्रकाशन "सूचना मेरो अधिकारी" बुलेटिन नेपाली र अंग्रेजीमा प्रकाशन गर्ने गरिएको छ ।

### १४.६ आयोगबाट मिति २०७९ साउन देखि असोज मसान्तसम्म जरिवानाहरू

| सि.नं. | पुनरावेदक नाम | संस्थाको नाम | जरिवाना रकम | मिति |
|---|---|---|---|---|
| १ | राजीब दास | त्रि. वि., परीक्षा नियन्त्रण कार्यालय, बल्खु | २०,०००।- | २०७९।०४।०५ |

### १४.७ आयोगबाट मिति २०७९ साउन देखि असोज मसान्तसम्म भएका बैठकका निर्णयहरू

**बैठक नं. २७५(३)३५**

**मिति २०७९।०४।०५**

**निर्णय**

१. आयोगको वार्षिक प्रतिवेदन तयारी सम्बन्धमा आयोगका शाखा प्रमुखहरूको आ-आफ्नो शाखाको विवरण तयार गरी यही साउन २० गतेभित्र प्रारम्भिक मस्यौदा तयार गरी सम्बन्धित आयुक्त समक्ष पेश गर्ने निर्णय भयो ।

२. आयोगमा वार्षिक कार्यक्रम अनुसार प्राप्त हुन आएका अध्ययन प्रतिवेदनहरूको प्रतिलिपि प्रमुख आयुक्त र आयुक्तहरूको अध्ययनको लागि योजना शाखाले उपलब्ध गराउने ।

३. आयोगले विगत वर्षका वार्षिक प्रतिवेदनहरूमा दिइएका सुझावहरूको प्रगति सम्बन्धित सार्वजनिक निकायबाट माग गर्ने र सोहीबमोजिम वार्षिक प्रतिवेदनमा समावेश गर्ने । योजना शाखमार्फत पत्राचार गर्ने ।

४. सूचनाको हक कार्यान्वयन अनुगमन इकाईहरूबाट प्रगति विवरण हालसम्म प्राप्त भएको नदेखिँदा पुनः पत्राचार गर्ने निर्णय भयो ।

५. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २(क) मा गरिएको सार्वजनिक निकायको परिभाषाको बुँदा ५ मा प्रचलित कानूनबमोजिम दर्ता भएका राजनीतिक दल तथा संगठन सार्वजनिक निकाय भएको उल्लेख गरेको छ । सोही ऐनको दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधिनमा रही सूचनाको हक हुनेछ भनेको छ भने उपदफा २ मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भनिएको छ । दफा ४ मा सार्वजनिक निकायको दायित्व बारेमा उल्लेख गरिएको छ भने दफा ५ को उपदफा (४) मा सार्वजनिक निकायले उपदफा (३) बमोजिमको सूचना प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नुपर्नेछ भनिएको छ । त्यस्तै दफा ६ को उपदफा (१) मा सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनका लागि सूचना अधिकारीको व्यवस्था गर्नेछ भनी व्यवस्था भएको छ ।

प्रचलित कानून बमोजिम दर्ता भएका राजनीतिक दलहरूको वेवसाइट अध्ययन गर्दा धेरै राजनीतिक दलहरूले सूचनाको हक पालनामा उदासिनता देखाएको पाइन्छ । २०६२ सालको जनआन्दोलन पश्चात बनेको लोकतान्त्रिक र गणतान्त्रिक संसदले नागरिकको हक बलियो बनाउन र सार्वजनिक निकायहरूलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउन आवश्यक ठानी २०६४ सालमा सूचनाको हकसम्बन्धी कानून निर्माण गरेको हो । यो कानून जारी गर्नमा राजनीतिक दलहरूको सबैभन्दा बढी भूमिका रहेको छ । यस अर्थमा पनि राजनीतिक दलहरूले यस कानूनको प्रभावकारी कार्यान्वयन गर्दा अन्य सार्वजनिक निकायलाई पनि सुशासन र पारदर्शिताका लागि सूचनाको हकको कार्यान्वयन प्रति जिम्मेवार बनाउन सघाउ पुग्ने विषयमा द्विविधा हुन सक्दैन । समुन्नत र सुशासनयुक्त नेपाल निर्माणका लागि पनि सूचनाको हकसम्बन्धी कानूनको पालनाले महत्वपूर्ण भूमिका खेल्छ भन्ने विश्वास आयोगले गरेको छ । सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि विगतमा यस आयोगले राजनीतिक दलहरूसँग अन्तरक्रिया, प्रशिक्षण, छलफलका माध्यमबाट तथा लिखित आदेश मार्फत पनि सूचनाको हक सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयन गर्न उत्प्रेरित गरेको हो । देशलाई नेतृत्व दिन, समृद्ध बनाउन, नागरिकलाई बलियो बनाउन प्रतिबद्ध राजनैतिक दलहरूको सूचनाको हक कार्यान्वयनमा राजनीतिक दलहरूको प्रतिबद्धताको अहम् र अग्रणी भूमिका रहन्छ भन्ने पनि आयोगको ठहर रहेको छ ।

तसर्थ, प्रचलित कानून बमोजिम दर्ता भएका सबै राजनीतिक दलहरूलाई विगतमा भएका आदेशहरूको स्मरण गराउँदै देहाय बमोजिम गर्न गराउन लेखी पठाउने निर्णय गरेको छः

१) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ को उपदफा (१) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २४(क) बमोजिम सूचना अधिकारी तोक्ने र त्यस्तो सूचना अधिकारीको नाम, पद, सम्पर्क नम्बर (ल्याण्डलाइन र मोबाइल), इमेल, कोठा नं. सार्वजनिक गर्ने ।

२) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (४) बमोजिम उपदफा (३) बमोजिमको सूचना प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्ने ।

३) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा (४) बमोजिमको दायित्व निर्वाह गर्ने ।

४) सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम कुनै पनि नेपाली नागरिक सूचना माग गर्न आएमा सहज र सरल रूपमा स्पष्ट बुझिने गरी तोकिएको समयभित्र सूचना उपलब्ध गराउने ।

६. असार २६ गते bizpati.com मा "सरकारी वेवसाइटबाटै सूचना अधिकारीको नम्बर गायव; कानूनको उल्लंघन, सुशासनको खिल्ली" शीर्षक रहेको समाचार प्रति यस आयोगको ध्यानाकर्षण भएको छ । उक्त समाचारका अनुसार धेरै निकायहरूको वेवसाइटमा सूचना अधिकारीको नाम हुने तर सम्पर्कका लागि मोबाइल नम्बर नराख्ने गरेको पाइएको र यसबाट सर्वसाधारण नागरिक र सार्वजनिक निकायबीचको सम्बन्ध टुटाउँदै लैजाने नियतका साथ यस्तो भैरहेको भन्ने उल्लेख गरिएको छ । विभिन्न निकायका पदाधिकारीसँग प्रतिक्रिया पनि लिएर राखिएका छन् ।

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि बिषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी उल्लेख भएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ, उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भनी उल्लेख भएको छ । सोही ऐनको दफा ४ को उपदफा (१) मा सूचना अधिकारी तोक्न पर्ने व्यवस्था रहेको छ । यस व्यवस्थालाई प्रभावकारी बनाउन र सर्वसाधारण नागरिकको पहुँच सहज बनाउन यस आयोगले सबै सार्वजनिक निकायलाई पटक पटक त्यस्ता सूचना अधिकारीको नाम, पद, सम्पर्क नम्बर (ल्याण्डलाइन र मोबाइल नं.), इमेल, कोठा नं., वेवसाइट, फ्लेक्स प्रिन्ट तथा अरु माध्यमबाट समेत सार्वजनिक गर्नु भनी आदेश गरेको अवस्था छ । आयोगबाट सार्वजनिक निकायलाई सूचना अधिकारीलाई सरकारी खर्चबाट मोबाइल, सिम र लाग्ने खर्च उपलब्ध

गराउन पनि भनिएको छ । सूचना अधिकारीको विस्तृत विवरण राख्दा र सर्वसाधारण नागरिकलाई सहज हुँदा सम्बन्धित सार्वजनिक निकाय प्रति विश्वास बढ्ने हुन्छ । स्वभाविक रूपमा यो विषय सार्वजनिक निकायको दायित्वभित्र पर्ने विषय पनि हो । तसर्थ, देहायका निकायहरूका प्रमुखका नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम देहाय बमोजिम गर्न गराउन आदेश जारी गर्ने । साथै, सबै सार्वजनिक निकायलाई पनि यो व्यवस्था पालना गर्न गराउन संघीय सार्वजनिक निकायहरूका हकमा नेपाल सरकारका मुख्य सचिवमार्फत, प्रदेश अन्तर्गतका सार्वजनिक निकायका हकमा मुख्यमन्त्रि तथा मन्त्रीपरिषद्को कार्यालयका प्रमुख सचिवमार्फत र स्थानीय तहका हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवमार्फत कार्यान्वयन गर्न गराउन लेखी पठाउने:

क. **<u>निकायहरू</u>**

१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,
२. यातायात व्यवस्था विभाग,
३. शिक्षा मन्त्रालय,
४. वैदेशिक रोजगार विभाग,
५. नेपाल विद्युत प्राधिकरण
६. कृषि तथा पशुपंक्षी मन्त्रालय,
७. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल,
८. राहदानी विभाग,
९. रक्षा मन्त्रालय,
१०. कम्पनी रजिष्ट्रारको कार्यालय,
११. सडक विभाग ।

ख. सूचना अधिकारीको नाम, पद, सम्पर्क नम्बर (ल्याण्डलाइन र मोबाइल), इमेल, कोठ नम्बर उल्लेख गरेको फ्लेक्स कार्यालयको प्रवेश द्वार नजिकै सबैले देख्न सहज हुने गरी राख्ने र वेवसाइट तथा अन्य प्रकाशन (वार्षिक प्रतिवेदन, बुलेटिन इत्यादी) मा पनि नियमित रूपमा राख्ने ।

७. यस वर्षको आयोगको वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा सुझाव तालीका तयार गरी योजना र प्रशासन शाखाले अर्को बैठकमा पेश गर्ने ।

८. विविध विषयमा छलफल भयो ।

## बैठक नं. २७६(३)३६

## मिति २०७९।०४।२४

## <u>निर्णय</u>

१. यस आयोगका पूर्व सचिव श्री भागिरथ पाण्डेय निजामती सेवाबाट अवकाश हुनु भएको र निजले निजामती सेवामा रही पुऱ्याउनु भएको योगदान तथा यस आयोगमा पुऱ्याउनु भएको योगदानको कदर गर्दै धन्यवाद सहित शुभकामना दिने र हाल सरुवा भई आउनु भएका सचिव श्री दिवस आचार्यलाई स्वागत गर्ने ।

२. यस वर्षको वार्षिक प्रतिवेदन तयारी गर्ने सम्बन्धमा सचिवालयबाट प्राप्त भएको प्रारम्भिक मस्यौदालाई अन्तिम रूप दिन सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीको संयोजकत्वमा आयोगका उपसचिव र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प्रतिनिधि (अधिकृतस्तर) समेत सदस्य रहने गरी समिति गठन गरी १५ दिनभित्र मस्यौदा तयार गरी पेश गर्ने निर्णय भयो ।

३. यस वर्षको सूचना दिवस आगामी भाद्र ३, २०७९ मा मनाउने सन्दर्भमा छलफल भयो । सचिवालयले दिवसका लागि आवश्यक तयारी गर्ने निर्णय भयो ।

४. सूचनाको हक कार्यान्वयन अनुगमन इकाईबाट प्राप्त प्रगति प्रतिवेदन वार्षिक प्रतिवेदनमा समावेश गर्ने र आउन बाँकी इकाईहरूलाई पुन: ताकेता गर्ने ।

५. संघीय, प्रदेश तथा स्थानीय निकाय अन्तर्गतका सबै तालीम प्रदायक संस्थाहरूले तालीम सम्बन्धी पाठ्यक्रम बनाउँदा सूचनाको हकसम्बन्धी व्यवस्था पनि समावेश गर्ने सहमति भएकोमा सबै तालीम प्रदायक संस्थाहरूबाट निश्चित ढाँचामा प्रगति तथा आगामी योजना माग गर्ने ।

६. बागमती प्रदेशमा सूचनाको हक कार्यान्वयन सम्बन्धी अघिल्लो बैठकबाट छुट्टै आदेश भैसकेको हुँदा केही समयपछि ताकेता गर्ने ।

७. आयोगको वार्षिक कार्यक्रम अनुसार प्राप्त अध्ययन प्रतिवेदन सम्बन्धमा छलफल भयो ।

८. आयोगका पूर्व पदाधिकारीले सूचनाको हक कार्यान्वयन लगायत यस क्षेत्रमा पुऱ्याउनु भएको योगदानको उच्च सम्मान र कदर गर्न पूर्व पदाधिकारीहरू मध्येबाट प्रत्येक वर्ष राष्ट्रिय सूचना दिवसका अवसरमा एक जना पूर्व पदाधिकारीलाई सम्मान गर्ने निर्णय भयो ।

९. यस वर्षको राष्ट्रिय सूचना दिवसको अवसरमा पूर्व सूचना आयुक्त श्री श्रीआचार्यलाई सम्मान गर्ने निर्णय भयो ।

१०. अन्य विविध विषयमा छलफल भयो ।

## बैठक नं. २७७(३)३७

## मिति २०७९।०४।३१

## निर्णय

१. आयोगको वार्षिक प्रतिवेदन तयारीको प्रारम्भिक मस्यौदा तयार भएको तर पूर्ण मस्यौदा तयार गर्न आयोगका पदाधिकारी तथा सचिवबाट प्राप्त सुझाव समेत परिमार्जन गरी पूर्ण मस्यौदा तयार गर्ने कार्य भाद्र मसान्तभित्र सम्पन्न गर्ने । सो कार्यको लागि सम्पूर्ण व्यवस्थापन सचिवालयले मिलाउने ।

२. विविध विषयमा छलफल भयो ।

## बैठक नं. २७८(३)३८

## मिति २०७९।०५।१६

## निर्णय

१. सूचनाको सर्वव्यापी पहुँच सम्बन्धि अन्तर्राष्ट्रिय दिवस (२८, सेप्टेम्बर) मनाउने सन्दर्भमा आगामी हप्ता सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना प्रविधि विभाग, नेपाल दूरसञ्चार प्राधिकरण, यूनेस्कोका प्रतिनिधि, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र सूचनाको हकका लागि राष्ट्रिय सञ्जाल महासंघ, कम्प्युटर एशोसिएशन अफ नेपाल समेतको तयारी बैठक राखी छलफल गर्ने ।

२. सूचनादाताको संरक्षण सम्बन्धी नियमावलीको मस्यौदालाई आयोगको २०७९।०३।१९ को बैठकको निर्णय अनुसार सुझाव प्राप्त गर्न ३० दिनको समय तोकि वेवसाइटमा राखिएकोमा कुनै सुझाव प्राप्त भएको नपाइएको हुँदा आयोगका पदाधिकारी तथा कर्मचारीबाट प्राप्त सुझावलाई मस्यौदामा समावेश गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा स्वीकृतिका लागि पठाउने ।

३. सूचनाको हकसम्बन्धी राष्ट्रिय रणनीतिक योजनाको मस्यौदामा सुझाव प्राप्त गर्नको लागि आयोगको वेवसाइटमा ३० दिनसम्म राख्ने र त्यसपछि नियमानुसार प्रकृया अघि बढाउने । साथै उक्त रणनीतिमा राय/सुझाव भए उपलब्ध गराइदिन सञ्चार मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालयमा लेखी पठाउने ।

४. वार्षिक प्रतिवेदन तयारी गर्ने सन्दर्भमा प्रारम्भिक मस्यौदा प्राप्त भयो । आयोगका पदाधिकारी तथा सचिवबाट प्राप्त सुझावलाई समावेश गरी तिब्ररुपमा तयारी गर्ने कार्यमा एकजना कर्मचारीलाई दैनिक रुपमा खटाई भाद्र मसान्तभित्र वार्षिक प्रतिवेदनको कार्य सम्पन्न गर्ने ।

५. आगामी प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनलाई निश्पक्ष, स्वच्छ, पारदर्शी र जिम्मेवार बनाउन तथा मतदाताले अधिकतम् जानकारी पाउने वातावरण बनाउन आवश्यक भएको सन्दर्भमा निम्न बमोजिम गर्न गराउन निर्वाचन आयोगमा सुझाव पठाउने,

(क) निर्वाचनका लागि उम्मेदवारले पेश गर्ने मनोनयन पत्र तथा संलग्न कागजातहरू सर्वसाधारण मतदाताले पनि जानकारी पाउने गरी सार्वजनिक गर्ने व्यवस्था गर्ने ।

(ख) निर्वाचन सम्पन्न भए पश्चात कानून बमोजिम उम्मेदवारले पेश गरेको निर्वाचन खर्चको विवरण सार्वजनिक गर्ने व्यवस्था गर्ने ।

६. (क) राष्ट्रिय सूचना आयोग र बंगलादेशको सूचना आयोग बिचमा भएको समझदारी पत्र एवं कार्यान्वयन गर्ने कार्य योजनाको समीक्षा गरियो । उक्त समझदारी पत्रमा उल्लेख भए बमोजिम एक जना सम्पर्क व्यक्तिको रुपमा आयोगका उपसचिव कपिल प्रसाद उपाध्यायलाई तोक्ने ।

(ख) श्रीलंका र भारतको सूचना आयोगसँग आपसी समझदारी गर्ने सम्बन्धमा आवश्यक तयारी गर्ने ।

(ग) भारतमा सूचनाको हकको अभ्यासको जानकारी उपयोगी हुने हुँदा आयोगका पदाधिकारी एवं कर्मचारीहरूलाई अवलोकनको व्यवस्था मिलाइ दिन नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

(घ) सूचना आयुक्तहरूको अन्तर्राष्ट्रिय सञ्जाल (ICIC) को चार्टर संशोधनको संलग्न प्रस्तावलाई ICIC मा पठाउन अनुमोदन गर्ने ।

## १५. आयोगको वेवसाइट :

यस राष्ट्रिय सूचना आयोगको वेबसाइट www.nic.gov.np रहेको छ ।

## १६. आयोगले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:

- कुनै सम्झौता नभएको

## १७. आयोगले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः

१. दोलखा जिल्लास्थित कार्यालय प्रमुख, सूचना अधिकारी लगायतहरूसँग अन्तरक्रिया कार्यक्रम

२. कमलामाई नगरपालिका, सिन्धुलीका जनप्रतिनिधि, समूदाय एवं समूहरूसँग सूचनाको हकसम्बन्धी अन्तरकिया कार्यकम

३. सूचना दिवस, भाद्र ३

४. अन्तर्राष्ट्रिय सूचना दिवस (सेप्टेम्बर २८), असोज १२

**१८. आयोगले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली:** सबै सूचना खुल्ला रहेको ।

**१९. आयोगमा परेका सूचना माग सम्बन्धी निवेदन :** माग भएको र उपलब्ध गराएको १ वटा ।

**२०. यस आयोगबाट निम्न प्रकाशन प्रकाशन गरी वितरण भएको छ ।**

१९.१ बार्षिक प्रतिवेदन २०६५/०६६-२०७६।०७७ सम्म

१९.२ सचित्र पुस्तिका

१९.३ खुल्ला सरकारी तथ्याङ्क (Open Government Data - OGD) सम्वन्धी प्रतिवेदन

१९.४ Guidelines of Public Information Officers (PIOS)

१९.५ आयोगका जानकारीमूलक ब्रोसियर

१९.६ National Startegic Plan of Action (NSPA) 2073, 2074, 2075

१९.७ Right to Information (RTI) Journal

१९.८ Proactive Disclosure Management System (PDMS) Guidebook

१९.९ Management Information System (MIS) Guidebook

१९.१० सूचनाको सन्देश (पाठ्यसामग्री)

१९.११ शिक्षक स्रोत सामग्री (सूचनाको हक र सुशासन)

१९.१२ अनुगमन तथा मूल्यांकन प्रतिवेदन- २०७५

१९.१३ सफलताका कथा २०७३, २०७४, २०७५

१९.१४ विभिन्न वर्षमा आयोगबाट भएका मुख्य मुख्य आदेशहरू

**प्रस्तुत विवरण आयोगका बेवसाईट www.nic.gov.np मा हेर्न सकिने छ।**

फोन नं ०१-४४६४४१२, ४४९६५४४

फ्याक्स : ०१-४४९६५४५

इमल : info@nic.gov.np

वेबसाईट : www.nic.gov.np

**Facebook/Twitter :**

**https://www.facebook.com/rtinepal,**

**https://twitter.com/suchanaayog**